# महालक्ष्मी नगरपालिका
## Mahalaxmi Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive

ललितपुर, बागमती प्रदेश, नेपाल
Lalitpur, Bagmati Province, Nepal

पत्र संख्या (Let. No.):
चलानी नं (Reg. No.):

मिति : २०८०।२।४

सूचना । सूचना ।। सूचना ।।।

सामाजिक विकास मन्त्रालय बागमती प्रदेश बाट आ.ब.०७९/०८० को स्वीकृत वार्षिक कार्यक्रम अनुरुप अपांगता भएका व्यक्तिहरुलाइ सामाजिक तथा आर्थिक सशक्तिकरण गरी विकासको मूल प्रवाहमा ल्याउने साथै अन्य नागरिक सरह सक्षम र स्वाबलम्बन वनाउने उद्धश्यले प्रदेश सरकार सामाजिक विकास मन्त्रालय मार्फत स्थानीय तहबाट सञ्चालन हुने अपांगता भएका व्यक्तिहरुको लागि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम (सि.बि.आर.) यस नगरपालिका भित्र अपांगता सम्बन्धि काम गर्ने गैर सरकारी संस्थाहरुको साझेदारीमा सञ्चालन गर्न यो सूचना जारी गरेको मितिले १५ दिन अन्तिम दिन विदा परेमा त्यसको पछिको कार्यालय लाग्ने दिन भित्र योग्यता पुगेका इच्छुक गैर सरकारी संस्थाहरुले तपशिलको रित र शर्त पूरा गरी प्रस्ताव पेश गर्न यो सूचना जारी गरीएको छ । सामाजिक विकास मन्त्रालयबाट प्राप्त निर्दिशका बमोजिम संस्था छनौट गर्ने अधिकार समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम समन्वय तथा अनुगमन समितिलाइ हुनेछ ।

**तपशिल-**

**१. दरखास्त साथ बुझाउनुपर्ने कागजात**

क. अपांगता क्षेत्रमा काम गरेको अनुभव सम्बन्धि कागजात

ख. संस्था दर्ता नविकरण, विधान, प्रशासनीक र आर्थिक नियमावलीको प्रतिलिपि

ग. समाज कल्याण परिषद्को आबद्धता पत्र

घ. गत वर्षको वार्षिक प्रतिवेदन र लेखा परिक्षण प्रतिवेदन

ङ. संस्थाको भौतिक पूर्वाधारको अवस्था दर्शाउने कागजात

**२. प्राथमिकता**

क. संस्था यस न.पा.भित्र दर्ता गरी सूचिकृत भइ कार्यरत (त्यस्तो संस्था नभएमा)

ख. ललितपुर जिल्ला भित्र कार्यरत संस्था

३. प्रस्तावमा कुनै प्रशासनीक खर्च उल्लेख गर्न पाइने छैन ।

४. प्रस्ताव अपांगता भएका तथा परिवारको क्षमता अभिवृद्धि (शिक्षा, स्वास्थ्य, सिप विकास, नेतृत्व तालिम आदी) गरी आयआर्जन गरी स्वाबलम्वी बनाउन लक्षित हुनुपर्ने ।

५. प्रस्ताव दर्ताका लागी कुनै शुल्क लाग्ने छैन ।

बजेट तथा कार्यक्रम

| क्र.सं | कार्यक्रम शिर्षक | बजेट रकम | कार्यक्रम सम्पन्न गर्ने समय | कैफियत |
|---|---|---|---|---|
| १. | समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम | ३००००० | असार ५ भित्र | |

उद्धवलाल मुसाल
प्रमुख प्रशासकीय अधिकृत

फोन: ०१-५२०३५९२, ०१-५२०१६३३, ०१-५२०१७३३
Email: info@mahalaxmimun.gov.np, mahalaxmimun@gmail.com, Web: http://mahalaxmimun.gov.np